आज मिति २०७९ साल चैत्र महिना ०६ गते सोमबारका दिन यस गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको बैठक नं १८-२०७९/०८० मा नगर प्रमुख श्री हस्त पुनज्यूको अध्यक्षता एवं निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| सि नं | नाम थर | पद | आवद्ध निकाय | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री हस्त पुन | नगर प्रमुख | नगर कार्यपालिका | |
| २ | श्री मैना बि.क. | नगर उपप्रमुख | नगर कार्यपालिका | |
| ३ | श्री राम बहादुर शाही | वडा अध्यक्ष | वडा नं. १ | |
| ४ | श्री नोख बहादुर वली | वडा अध्यक्ष | वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश बुढा मगर | वडा अध्यक्ष | वडा नं.३ | |
| ६ | श्री राम बहादुर डाङ्गी | वडा अध्यक्ष | वडा नं.४ | |
| ७ | श्री लाल बहादुर पुन | वडा अध्यक्ष | वडा नं.५ | |
| ८ | श्री गोविन्द वली | वडा अध्यक्ष | वडा नं.६ | |
| ९ | श्री बासुदेव शर्मा | वडा अध्यक्ष | वडा नं.७ | |
| १० | श्री किरण कुमार वि.क. | वडा अध्यक्ष | वडा नं.८ | |
| ११ | श्री ज्ञान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.९ | |
| १२ | श्री थमान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.१० | |
| १३ | श्री राजन वि.सी. | वडा अध्यक्ष | वडा नं.११ | |
| १४ | श्री तुल्सी प्रसाद शर्मा | वडा अध्यक्ष | वडा नं.१२ | |
| १५ | श्री मधु गुरुङ्ग | वडा अध्यक्ष | वडा नं.१३ | |
| १६ | श्री चन्द्र बहादुर घर्ती | वडा अध्यक्ष | वडा नं.१४ | |
| १७ | श्री प्रेमा घर्ती | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १८ | श्री वर्षा बुढा | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १९ | श्री सरस्वती थापा मगर | कार्यपालिका सदस्य | नगर कार्यपालिका | सरस्वती |
| २० | श्री राधा ढकाल | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २१ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २२ | श्री मनिसरा नेपाली | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २३ | श्री टगिसरा वि.क | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २४ | श्री चितेन्द्र वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २५ | श्री पदम प्रसाद बजगाईं | सचिव | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित
१. श्री निजा ढकाल - प्रशासकीय अधिकृत -
२. श्री दिपक शर्मा - सचिवालय कर्मचारी -

बैठक संख्याः १८/०७९-८०, मिति २०७९।१२।०६ गतेको कार्यपालिका बैठकका निर्णयहरुः

**निर्णय नं.१. "गुर्भाकोट नगरपालिकाको व्यवसाय कर कार्यविधि २०७९"** बैठकमा प्रस्तुत गरी वृहत छलफल भई उठान भएका विषयवस्तुलाई समेटी उक्त कार्यविधि स्वीकृत गरियो ।

**निर्णय नं.२:** यस नगरपालिका अन्तर्गत गुर्भाकोट खानेपानी आयोजना सुर्खेत वडा नं. १, २ र ४ मा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको पहलमा खानेपानी निर्माणको लागि सम्झौता भएकोमा सो खानेपानीको विस्तृत योजना प्रतिवेदन (DPR) आवश्यक भएकोले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शर्शत अनुदान सि.नं. ७ गुर्भाकोट न.पा. वडा नं. १ देखि १४ गुर्भाकोट खानेपानी आयोजना सुर्खेतवाट रु. १ लाख ५० हजार खर्च गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.३:** यस नगरपालिकामा गुर्भाकोट नगरपालिकाको भू-उपयोग नियमावली २०७९ अनुसार जग्गाको वर्गिकरण मापदण्ड तपशिल बमोजिमको तोकी कार्यान्वयन गर्न सम्बन्धीत निकायमा पत्राचार गर्ने ।साथै वडा नं. ८ मा सडकहरुको मापदण्ड तोकिएको हुँदा सडकहरुको लगत कट्टा गर्न सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने ।

तपशिल

१. **व्यवसायीक क्षेत्र**

क. छिन्चु जाजरकोट सडक खण्ड क्षेत्र भित्र १०० मिटर दायाँ र बायाँका जग्गा

ख. धुलियाविट भेडावारी दाङ पुरन्धारा सडक खण्ड क्षेत्र भित्र १०० मिटर दायाँ र बायाँका जग्गा

ग. जहरे शुभाघाट हुदै अवलसुर्मा सडक खण्ड क्षेत्र भित्र ५० मिटर दायाँ र बायाँका जग्गा

घ. मेहेलकुना बडाखोली सडक खण्ड "क" र "ख" क्षेत्र भित्र ५० मिटर दायाँ र बायाँका जग्गा

२. **आवशीय क्षेत्रः-**

क. ८ देखि १२ मिटर चौडाई भएका शाखा सडकहरुको ५० मिटर दाँया र बाँयाका जग्गा

ख. छिन्चु काल्चे सडक खण्ड ५० मिटर दायाँ वायाँका जग्गाहरु

३. **कृषि क्षेत्रः-** माथि उल्लेखित व्यवसायीक क्षेत्र र आवशीय क्षेत्र बाहेकका सबै जग्गाहरु

**निर्णय नं.४:** नेपाल जलवायु परिर्वतन सहयोग कार्यक्रम २ र यस नगरपालिका वीच मिति २०७९।१०।०४ गतेको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्राविधिक शिक्षा तथा व्यसायिक तालिम परिषद्को मिति २०७९/०९/११ को पत्रानुसार मिति २०७९।०६।०२ गते बसेको १९२ औं परिषद्को बैठकले गुर्भाकोट नगरपालिकामा आंगिक शिक्षालय स्थापना गर्ने निर्णय भएको र जग्गा प्राप्त भए पश्चात कार्यक्रम संचालन गर्ने भनिएको हुँदा नगरपालिकाले उक्त शिक्षालयको लागि आवश्यक पर्ने जग्गा जमिन उपलब्ध गराउने पहल गरी नापजाँच गर्दा वडा नं. १३ साविक गुमी ५ च कित्ता नं. ५६ भएको नेपाल सरकारको मातहतमा रहेको सरकारी जग्गा १३-२-७-१/२ मध्ये ४-०-० विगाहा क्षेत्रफलको जग्गा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ को दफा ६ को उपदफा (१), उपदफा (४) ग बमोजिम आंगिक शिक्षालय स्थापनाको लागि माथी उल्लेखित कित्ता र क्षेत्रफलको जग्गा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्लाई लिजमा उपलब्ध गराउन गर्न सिफारिस गर्ने ।

CamScanner

बैठक संख्या १८ मिति २०८१/२/०३
कार्यपालिकाको निर्णय प्रमाणित

**निर्णय नं.४: विविध**

क. फागू पूर्णिमाको अवसरमा गुर्भाकोट १३ र १४ गुमीमा लाग्ने फागूमेलाको अवसरमा खेलकुद कार्यक्रम खर्च भए वापतको रकम माग गरेकोमा रु. १ लाख खेलकुद प्रर्वद्धन शीर्षकवाट विनियोजन गर्ने ।

ख. यस नगरपालिकाको ठेक्का नम्बर NCB/WORKS/GM/01/078-079(आँपखोली मालारानी गुफा खोलाढाब सडक) म्याद बैशाख मसान्त सम्म र ठेक्का नम्बर NCB/WORKS/GM/ 02/ 078-079 ( मेहेलकुना मालपोत कार्यालय र बोटेचौर भित्री बजार सडक कालोपत्रे) को म्याद चैत्र मसान्त सम्म नगरपालिकाको आर्थिक ऐन बमोजिम जरीवाना गरी थप गर्ने ।

ग. आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) बाट तपशिल अनुसार रकम विनियोजन गर्ने ।

- यस नगरपालिका वडा नं. ११ वर्मागार देखि आँपगैरा सडक मिति २०७९।०६।१९ गते आएको अविरल वर्षाका कारण क्षेती भइ मर्मत गर्नुपर्ने भएकोले सो को मर्मतको लागि रु. ८ लाख विनियोजन गर्ने,
- गुमी स्वास्थ्य चौकीमा खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापन गर्नका लागि स्वच्छता परियोजना सुर्खेतले खानेपानी तथा शौचालय निर्माणको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने र यस नगरपालिकाले म्याचिङ स्वरुप रु. ७३,३३१।- रकम विनियोजन गर्ने ।

घ. यस नगरपालिका तपशिलका योजनाको नाम संशोधन गर्ने,

- वडा नं. ११ डोल देखि मिल हुदै जयन्ते सुनारको घर सम्म पक्की सिचाइ कुलो निर्माण - डोल देखि मिल हुदै जयन्ते सुनारको घर सम्म च्याम्बर निर्माण सहित पाइपलाइन विस्तार गर्ने
- वडा नं. १० आ वि डाँफे विद्यालय मर्मत - विद्यालयमा क्यान्टिन निर्माण